# कल्याणपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर,सिरहा

मधेश प्रदेश, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति-२०७९।०५।१०

यस कल्याणपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय ,कल्याणपुरका लागि आ व २०७९/०८० मा देहाय बमोजिमका पदहरु करार सेवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक उम्मेदवारहरुले तोकिएको ढाँचामा रितपूर्वक दरखास्त फाराम भरी आवश्यक कागजातहरु र परीक्षा दस्तुर बापत बुझाएको नगदी रसिद संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कल्याणपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय कल्याणपुरको प्रशासन शाखामा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| क.सं. | विज्ञापन नं. | पद | तह | सेवा | समुह | संख्या |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०७९/०८० | सब-इन्जिनियर | पाँचौ | ईन्जिनियङ्ग | सिभिल | ३ |
| २ | ०२/२०७९/०८० | अ.सब-इन्जिनियर | चौथो | ईन्जिनियङ्ग | सिभिल | ३ |
| ३ | ०३/२०७९/०८० | अमिन | चौथो | ईन्जिनियङ्ग | सर्भे | १ |
| ४ | ०४/२०७९/०८० | रोजगार संयोजक | छैठो | - | - | १ |
| ५ | ०५/२०७९/०८० | रोजगार प्राविधिक | पाँचौ | ईन्जिनियङ्ग | सिभिल | १ |
| ६ | ०६/२०७९/०८० | रोजगार सहायक | चौथो | - | - | १ |
| ७ | ०७/२०७९/०८० | सूचना प्रविधि अधिकृत | छैठो | - | - | १ |
| ८ | ०८/२०७९/०८० | कृषि स्नातक करार | - | कृषि | - | १ |
| ९ | ०९/२०७९/०८० | भेटिनेरी डाक्टर | - | पशु | - | १ |
| १० | १०/२०७९/०८० | अ.न.मि. | चौथो | स्वास्थ्य | क.न. | ८ |

१.आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क.सब-इन्जिनियर न्यूनतम शैक्षिक योग्यता :- सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा डिप्लोमा वा प्रविणतापत्र तह वा सो सरह उतीर्ण गरेको। विदेशी बोर्डबाट उतीर्ण भई शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि।

ख. अ.सब--इन्जिनियरको न्युनतम शैक्षिक योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट T-SLC उतिर्ण गरेको हुनु पर्नेछ।

ग. अमिन न्यूनतम शैक्षिक योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट अमिन उतिंण गरेको।

घ. रोजगार संयोजक न्यूनतम शैक्षिक योग्यता :- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उर्तिण गरेको।

ङ. रोजगार प्राविधिक न्यूनतम शैक्षिक योग्यता :- सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा डिप्लोमा वा प्रविणतापत्र तह वा सो सरह उतीर्ण गरेको।

च. रोजगार सहायक न्यूनतम शैक्षिक योग्यता :-

ञ.नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र वा १२ उर्तिण गरेको।

ट्. आधारभुत कम्प्युटर सीप सम्वन्धि ६ महिना तालिम लिएको।

छ. सूचना प्रविधि अधिकृत न्यूनतम शैक्षिक योग्यता :- लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट BE Electronics and Communication Engineering, BTech Electronics and Communication Engineering, Computer Information and Communications Technologies T सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS BCA, BCIS BEIT,B Se IT B SE CSIT) उतिर्ण भएको।

ज. कृषि स्नातक करार न्यूनतम शैक्षिक योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह।बी एस्सी एग्। वा सो सरह उर्तिण गरेको।

झ. भेटनेरी डाक्टर न्यूनतम शैक्षिक योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट भेटनेरीमा स्नातक वा सो सरह उर्तिण गरेको।

ञ. अ.न.मी. न्यूनतम शैक्षिक योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उर्तिण गरि सम्बन्धित परिषदमा दर्ता भएको।

२. परिक्षा मिति: २०७९/०५/२७गते

३. उमेर :- १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको, महिला र अपाङ्गताको हकमा ४५ वर्ष ननाघेको।

४.आवेदन शुल्क र फारम :- माथि उल्लेखित विज्ञापन नं.०४-२०७९-०८०, ०७-२०७९-०८०, ०८-२०७९-०८०, ०९-२०७९-०८० रकम रु.१०००।- र बाँकी सबै विज्ञापनको लागि रु. ५००/- आवेदन फारम कार्यालय वा नगरपालिकाको वेवसाईटबाट उपलब्ध हुनेछ।

५.आवेदन दिने अन्तिम मिति :- २०७९-०५-२४ गते कार्यालय समय भित्र।

६.दरखास्तमा संलग्न गर्नुपर्ने :- उमेदवारको व्यक्तिगत विवरण, शैशिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि र आवेदन दस्तुरको राजश्व शाखामा बुझाएको नगदी रसिद। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने।

७.पारिश्रमिक :- कल्याणपुर नगरपालिकाले तोके बमोजिम।

८.पारिक्षाको किसिम :-

क . सबै विज्ञापनहरुको :- लिखित परीक्षा तथा अन्तर्वार्ता .

१०.थप जानकारीको लागि सम्पर्क नं. र इमेल ठेगाना:- ०३३-४०३०६३ kalyanpurmun2073@gmail.com

११ सूचनामा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ

१२ माथि उल्लेखित पदहरुको दरखास्त फारम यस कार्यालयको Kalyanpurmun.gov.np बाट Download गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत